# यता-उता

प्रह्लाद चैतन्य
ज्ञानेन्द्रप्रसाद धिमिरे

**विषय-सूचि**

१,शान्तिरस ४
२,साँचो कुरा १४
३,स्वप्न-जगत् १७
४,आत्मा २०
५,विश्व-प्रेम २२
६,जगत्-सृष्टि २४
७,माया २६
८,मन २९
९,धर्म-कर्म ३२
१०,सार्थक् जीवन ३६
११,भक्त ३९

# शान्तिरस

जीवनमा शान्ति कहा पाइन्छ?
म हर्दम खोजिरहेछु
कहिले काही ईश्वरीय कृपाद्वारा
जब आफ्नो प्रज्ञाचक्षु खुलेको थाहा पाउंछु
तब मलाई शान्ति प्राप्तिको अनुभव हुन थाल्छ।

तव म सारा जीवनका बिसंगतिहरु लाई
बिर्सियको हुन्छु।
मानो सवै सांसारिक सुख-दुखका घटनाहरु
मात्र स्वपना हुन्

साँचो सुख त केवल चेतन-स्वरुप्
परमात्माको भावमा निमग्न हुनुमा नै रहेछ,
अखण्ड शान्तिको श्रोत त केवल ईश्वरको
विशेष उपस्थिति मानस पटलमा हुदा मात्र
अनुबोध हुदोरहेछ,
उसको आश्रय प्राप्ति भएकोआभाष हुदामात्र
सांचो शान्ति-प्राप्तिको अनुभूति हुदो रहेछ।

तर कति क्षण त्यस्तो सुख र शान्ति पाउछु म?
थोरै क्षण यदाकदा।
जब-जब सच्चा भगवत्प्रेमि भक्तहरुको
संगत पाउछु म र उनिहरुसंग रमाउछु म।

अन्यथा एक पछि अर्को दुख-दर्द नै भोग्छु म
यहि नै जीवनको नित्य प्रवाह रहेछ ठान्छु म
मानो लुतो कन्याउदा चिलाइ मेटे जस्तो
आनन्द जस्तै यदाकदा सुख पनि भोग्छु म।

यदाकदा मीठो भोजन र स्त्रीसंगले पनि
मन रमाउछु म
संपन्नता, धन,ऐश्वर्य र संतति-सुखले पनि
यदाकदा लुतोको कन्याइ मिटाउछु म।

यस्ता सुखहरु केवल् क्षणिक हुदा रहेछन्
फेरि तिनै सुखका साधनहरु
दुखमा बदलिदा रहेछन्
मीठो भोजन विष समान हुदो रहेछ।

स्त्रीसंग घातक हुदो रहेछ
धन शत्रुसमान हुदो रहेछ।
सन्तति पराया हुदा रहेछन्
समाज र कुटुम्ब विपरित हुदा रहेछन्
सवै विनाकारण, कुनै दोस् बिना।

हे ईश्वर! यस्तो यो बिषमता
र बिसंगतिपूर्ण स्थिति भोग गर्न बाध्य
यो जीवन्को श्रृंखला के हो?
यस्तो कडीमा बांधिएको
यो जीवन् नै के हो?

म जीवन्को यथार्थता खोज्दा-खोज्दा
साच्चै नै थाकिसकें
न त यो जीवन दिने तं को होस्?
त्यसकै निर्क्योल गर्न सकें
न म आफैं के हुं?
यसकै निर्क्योल गर्न सकें
अनुमान नै अनुमानमा यथार्थता खोज्दै रहें।

धेरै चिन्तन् पछि हृदयमा आभास हुन्छ
चैतन्यताको झलक् झुलुक्क झल्किन्छ
त्यसै भित्र परमेश्वरको विशेष उपस्थिति
मेरो चेतनतामा प्रफुलित भएको अनुभव हुन्छ
अनिमात्र मन शान्त हुन्छ
भावनामा शीतलता छाउन थाल्छ। वस्।

त्यस्तो परमात्माको उपस्थिति हुदामात्र
जीवन्मा म शान्तिको अनुभव गर्छु
सच्चा सुखको भित्रभित्रै अनुभूति गर्छु
र जीवन्का विषमता एवं विसंगतिहरु विर्सन्छु।

त्यस्तो आनन्दको अवस्थामा म ठान्दछु
स्वयंपनि चिदानन्द-स्वरुप जगदीश्वरको कृपापात्र
एउटा सूक्ष्म तरंग भित्र कहिले कांहि
तं व्यापक परमात्मा
आफ्नो उज्यालो फैलाइ दिदो रहेछस्
मेरा दुख-दर्दहरुलाइ समन् गरिदिदो रहेछस्
र आफ्नो परमानन्दमयी पक्षको पनि
अनुभूति गराइदिदो रहेछस्।

अन्यथा यो जंजालमा रुमलिएको
मेरो जीवनको के काम?
अरु यसको वास्तविक लक्ष नै के हुन सक्छ र?

के यो संसारमा पैसा कमाउनु वा धनि हुनु
यो नै यस जीवनको सच्चा लक्ष हो त?
के रोजगारी दिने साहुको काम गर्नु मात्र
यो शरीरको लक्ष हो त?

कि जन्म दिने आमा-बाबुको अधिनमा हुनु हो?
या सन्तानको लागि र हैकम जमाउनको लागि हो?
मरेपछि गाडिन या जलाइनको लागि हो?
या जनावरको भोजन बन्ने यो शरीर हो?

हैन, हैन मेरो जीवन यस्तैमात्र जरुर हैन,
यद्यपि यदाकदा यस्तैमात्र उद्यस्य पूर्ति पनि भएको छ
केहि मात्रामा यस्ता कार्यहरु पनि यसवाट हुन्छन्

तर यी सवै भन्दा बढी आफ्नो उपस्थितिको बोध हुनु हो
अभिन्नताको आत्मगति अनुभव गर्नको लागि हो।
जीवन् हुनुको सही अर्थ र उपलब्धि पनि यही हो
सायद यहि अनुभूति गर्नु नै सच्चा सुख हो।

यसो हेर्छु यो संसारप्रति र म देख्छु
धनीको घमण्ड धनले चुलियको छ
बलवानको बल सबैका लागि धम्कि बनेको छ
गरिवको गरिवी सवैकालागि कहालि लाग्दो छ
संसार एउटा असीमित् दुखको श्रृङ्खला मात्र रहेछ।

दया, करुणा र मैत्रीको भने सारै कमी देख्छु
तर सवैतिर छल-कपट, मोज-मस्ती र क्षणिक मजा
आदिको बीचमा छटपटाहटको बाहुल्यता देख्छु

अन्धकारको मति नै उज्यालो मानिरहेको देख्छु
दुखलाई नै सुख मानेर भौतारिइ रहेकाहरु देख्छु
म आफैं पनि यस्तै सुखानुभूति र दुख-दर्दमा
चुर्लुम्म डुविरहेको पाउछु।

कतै सोचै छैन म आफु नै के हुं भन्ने तर्फ
कतै सोचै छैन मपनि मर्छुकि भनेर

आफ्नै सामु निरन्तर मरिरहेका
आफैंजस्ता अरुहरुको गति देखेर।

जीवन जान्न शुरु भए देखि यता फुर्सदै कहां छ र?
सदैं दौड चलिरहेछ पेट भर्नको लागि
कमाई गर्छु खाएर बचेको संचिती राख्छु भनेर
अनि धनी भएर सुख सैल गर्छु भनेर
समाजमा ठूलो ठालु हुने रहर मनमा वोकेर।

कहिले संतुष्टिको अनुभव हुन्छ त कहिले घोर दुखको
मन चिन्ता र शोकले व्याप्त रहन्छ
कहिले नाश भएको धनको बिषयमा सोच्दछ
कहिले संयोग सुखलाई वियोगले छिनिदिन्छ।

के गरुं? ध्यान अन्यत्र जानै पाउदैन
जीवनका यस्तै अनेक विसंगतिसंग रुमलिन्छ
कहिलेकही बीच-बीचमा क्षणिक सुखको अनुभूति पनि हुन्छ
अन्यथा दुखैदुखमा जीवन-क्रम चलिरहेछ
यिनै कुराहरु जीवनका शाश्वत सत्य झैं लाग्छ।

यद्यपि यसरी स्थापित सत्य पनि
एक पछि अर्को गरी विनाश हुदै जान्छन्
र केहि पछि के सत्य हो के असत्य
त्यो छुट्टाउनै गाह्रो पर्छ।

यस्तो सार्थकता र निरर्थकताको अनुभूति साथै
एक पछि अर्को विसंगति भोग्दै
जीवनको उकाली-ओरालीरुपी वयस्कताबाट
ओरालीरुपी वृद्धावस्थातर्फ लागिसकेको पांउछु।

खै कति तक हो यही क्रम चलिरहने
वास्तविक सत्यको खोज र पहिचानतर्फ
लाग्ने हो कि हैन यो मन थाहै छैन
के थिएं? कहां छु? के हुं? र के हुनु छ?
यी सवै विषयमा सोच्नै सकेको छैन।

निरन्तर बहदो प्रकृतिको मायाजाल
यो भुलभुलैयामा आफैं भुलिरहेछु
यो जीवन् नै सत्य-तथ्य र शाश्वत झैं
मानि रहेछु।

कहिले कांही जब झसक्क मन झस्कन्छ र भन्छ
ऐ ! बूढो भइस् नि अब
हात गोडा पनि कम्जोर हुन लागे
आंटेको काम गर्न सकिन छाड्यो
क्याहो मर्ने पो होस् कि तं पनि?

हे ईश्वर ! तैले मलाई किन बनाएको?
के गर्न बनाएको? यहि संसारमा दौडाई रहन?
तेसो भए म त तेरो दौडाइने खेलौना हैन त?
जे जस्तोमा राख्न चाहिस् त्यही-त्यस्तै रहनु पर्ने मैले हैन त?

तैंले लगाइदिएको मायालाइ निसंकोच माया गर्ने
तैंले लगाइदिएको घृणालाई घृणा गरेर हेर्ने
तैंले ठीक ठान्न लगाएकोलाई ठीक ठान्ने
तैंले बेठीक ठान्न लगाएकोलाई वेठीक ठान्ने हैन त?

मेरो निजी अस्तित्व के छ यहां?
तेरो मनचिन्ते लगामले खिचियेपट्टी हेर्ने विना?
कि छ कतै मेरो निजी अस्तित्व यहां?
कि छ केही मेरो निजी शक्ति कतै यहां?
म त तेरो कृडामृग मात्र भएको पाउछु यहां।

छ मेरो निजी अस्तित्व? र यदि शक्ति छ भने
बोध गराइदे त्यो मलाइ अहिले
म यो सारा सृष्टिलाई नैं दुखबाट पार गराइदिन्छु
सबैलाई सदैंभरी सुखी भएको अनुभूति हुने
निरन्तरको आत्मसन्तुष्टि प्रदान गरिदिन्छु।

अन्यथा तैंले यस्तो दुख-दर्द र क्षणिक चटकरुपि
लुतोको चिलाइ जस्तो सुखानुभूति दिएर झुक्याउने?
चटक नै किन गर्नु पऱ्यो त तंलाई?
हे ईश्वर ! तं के यसै गर्न बाध्य छस्?

के तं यो सृष्टिलाई सुखमयी बनाउनै सक्दैनस्?
या त त्यसोगर्न चांहदैनस्?
यस्तो त अवस्यपनि हैन होला
सुख र दुख दुबै सृष्टि गर्ने तं नै त होस्
तैंले चाहेको भए अवस्य पनि सुखी संसार

बनाउने थिइस् होला।

तर किन तेसो गरिनस् र यसो गरिस् त?
सिधा जवाफ छैन तेरो
म स्वयं यसको जवाफ या कारण जान्दिन
घुमाउरो जवाफ दिइस् भने पनि
सायद म त्यो जवाफ बुझ्दिन।

ऐ भगवान् ! ऐ ईश्वर! म तंलाई त्यही संझेर
यो संबोधन गरिरहेछु जसले यो समस्त सृष्टिको
संरचना, संचालन र संहारको कार्य गरिरहेछ
के मेरो यो जन्म मेरै इच्छाले भएको हो त?

के यो जीवन मेरो खुसिले पाएको हो त?
के म जन्मनु, कार्य गर्नु र मर्नुमा स्वेच्छाचारी छु?
के मेरो भिन्न इच्छाबाट यो सव संभव भएको छ?
के साच्चै म तंबाट छुट्टिएर यो संसारमा आएं त?

के म हंस पन्छीरुपि र तं परंहंसी भिन्नाभिन्नै छौं त?
के म संसार-भोगको लालसाले आफैं लालायित छु त?
यी सव कुराको विषयमा मलाई केही थाह छैन
यी सव विषयमा म मेरा पूर्वकृत्यहरु केहिपनि संझन्न।

मैले जाने-बुझेको भए म फेरि किन यहां खाउथें त?
नजानेरै भए नजानेको ठांउमा म किन आउथें त?
त्यसकारण पक्कै हैन, मैले आफैंले जानेर
यहांको लुतोको कनाइरुपि भोग भोग्नको लागी
म यहां अनन्त दुखको श्रृंखला भोग्न पक्कै आइन।

तसर्थ म आफ्नो इच्छाले त यहां आएको हुदै हैन
किनकी यहां मेरो इच्छा अनुरुप केही पनि हुदैन
म आफुले चाहे जस्तो रहन र गर्न केही पनि सक्दिन
स्वयं नियन्त्रित भएको अनुभव गर्छु, स्वतन्त्र छदैछैन।

बरु तेरो ईच्छाको कारणले म यहां खदेडिएको हु
यो चाहीं पक्कै छ, तेरै आवस्यकता पूर्ति गरिने साधन हुं
त्यसै कारण यहां स्थापित परिस्थिती व्यर्होन बाध्य छु
दुख-दर-दुंख, पीडा-दर-पीडा भोग्न बाध्य छु।
कहिलेकांहीको क्षणिक् सुखानुभूतिमा निरन्तरता तान्न बाध्य छु।

उद्धेस्य के हो? तेरो मलाई यसरि खदेड्नुमा?
म त्यो जान्दिन, ठोस नतिजा यहां केहि देख्दिन
मलाई आफ्नो अलग अस्तित्व भएको भान हुने
अहंकारी शरीरधारी जीव बनाएर फयाकिएको पाएको छु।

मेरो कृया-कलाप मेरै मन भित्रबाट संचालित छ
त्यस्तो मनभित्र हुने प्रेरणा तेरो नभए देखि
यसरी परिस्थितिको बन्धक बनाएर संचालन गर्ने
अरु कस्को हुन सक्छ र?

त्यसकारण यो नियन्त्रित बन्धकलाई
यत्रतत्र भौंतारिन बाध्य पारेर संचालित
कृडामृगको रुपमा मलाई प्रयोग गरिरहेछस्
यसको कारण के हो? मैले  अझै बुझ्न सकेको छैन।

धेरै खोजबिन र चिन्तन गरे पछि प्राप्त
मेरै आफ्नै केही अनुभव र आभाषहरु छन्
जुन तैले जीवको बिषयमा प्रयोग गर्ने गरेको छस्
आफ्नो इच्छा अनुसार दाउने गरेको छस्।

तं हे ईश्वर ! जुन जीव यो बिषम विश्वबाट मुक्ति चाहन्छ
त्यसलाई हलीले दाएको गोरुलाइ सरह व्यवहार गर्दछस्
जस्तो हलोमा जोतिन नचाहने गोरुलाई चुटेर दाउंछ
र वेलुका एक मुठी घास र केही पीठो खान दिन्छ।

जुन गोरु जति चुटेपनि जोतिन मान्दैन
हिड्दैन वसिदिन्छ पसारिन्छ र काम गर्दैन
त्यसलाई अन्ततः हार खाएको हलीले फुकाएर छोडिदिन्छ
स्वतन्त्र तर घास र चारा भने दिदैन।

हो स्वार्थी हलीले जस्तै व्यवहार
तं पनि गर्छस् जीवलाई
चारो हाल्दैनस् त्यसलाई
जो यो संसारमार्ग परित्याग गर्न चाहन्छ।

दर-दर भटकिन बाध्य गराउछस् त्यसलाई
कतै चारोको लोभमा फेरि फर्केर हाउछकि
संसारको सृष्टिरुपी चक्करमा जोतिन
आफैंलाई मायाको चंगुलरुपी हलोमा बांधिन भनेर।

जब कुनै जीव तैपनि जोतिन आउदैन
मान्दैन उ सृष्टि चक्करको धूलो चाट्न
तबमात्र त्यस्तो एक्का दुक्का जीवलाई
छानिएका लाई मात्र आफूप्रति फर्कने,
सृष्टिचक्रबाट उन्मुक्ति पाउने अनुमति दिएको
अनुभव हुन्छ यो सृष्टिक्रममा मलाई।

त्यस्ता विचरा जीव दुख दर्दले भट्कदै
अरुले भोगेका दुख-दर्दहरु पनि देखेर
अत्यन्त पीडित मनले तेरै शरणमा पर्छ
अरु कुनै शरणागति कतै नदेखेर।

यस्तो उसको शरणागति मानो आफैंलाई कुट्ने
आफ्नी आमा बाहेक शरणस्थली कतै नभएको
एयटा बालकले जस्तै आमाको फरिया समात्छ
अझै कुटिदा पनि रुदै आमाकै शरण पर्छ।
त्यस्तै जती कुटाई खान परे पनि अरु को छ र?
यस जगतमा उसको शरण ग्रहण गर्न सक्ने?

रुदै-रुदै आमाको फरिया समातेर धरपकड गर्ने बालक जस्तै
तेरा भक्तजन तेरै धरपकड् गर्छन्, उन्मुक्तिका लागी
संसारमार्गमा भट्कन पर्ने बाध्यताबाट फुत्किनको लागी
अरु उपाय केही नलागी।

त्यसपछि पनि त्यस्तो शरणागत् भक्तप्रति के गर्ने हो
त्योपनि त थाह छैन यहांको जीवलाई
त्यस्तो भक्तलाई तैले मुक्ति दिए मुक्ति पाउछ
नदिए त्योपनि पाउदैन, निरहिको के लाग्छ र?

तर त्यस्तो भक्त भने आफुलाई भाग्यमानी ठान्छ
तंलाई नै संझना गर्न सकेकोमा, पाएकोमा,
सफल मान्छ आफैंलाई आफ्नो जीवनलाई
प्राणपति वासुदेवको नित्य स्मृति स्फुरण भएकोमा।

आफ्नो चेतनाले चित्घनको चेतन् पाएकोमा
यही नै आफ्नो जीवन धारण गरेको
अन्तिम उपलब्धि ठान्छ एउटा सच्चा भक्त
हरिस्मिृति नै नित्य हुनुलाई तेरै कृपा ठान्छ भक्त।

यस्ता उर्ध्वरेता परंहंसी जीवको लागी
यताको विश्व वैभवले नै पनि के गर्नु?

मायाजालको करामात भन्दा उता रहेको
आध्यात्मिक खजाना नै यिनको पछि लाग्छ।

यताको विश्व-वैभव त तिनकै लागी ठूलो वस्तु हो
जो यो जगत्को मायामयी काञ्चन प्राप्त गर्नुलाई नै
सर्व सफलताको वस्तु मान्दछन्
चरम उपलब्धि यही हो भन्ठान्दछन्।

त्यस्ता सांसारीक व्यक्ति संसारको भोगमै रमाउछन्
र नित्य निरन्तर यहींको क्षणिक भोगहरु भोग्दै
अनेकताको चंगुलमा फंसेर सुख-दुख वेहोर्छन्
अनि त्यस्ताहरुको लागि उताको
आध्यात्मिक चेतनाको के काम?

पाप र धर्मको फेरमा परेर विश्व भोग गर्नेहरु
परमात्माको प्रवल प्रेरणारुपि चंगुलमा फसीरहन्छन्
मायारुपि अन्धकारले ढाकिएर यहीं घुमी रहन्छन्
यही जगत्-संचालन गर्ने क्रममा घुमी रहन्छन्।

यहां कहिले सुखी कहिले दुखी जस्ता देखिन्छन्
कहिले धनको मदले मातिन्छन् त कहिले
गरिवीको पीडाले अस्तित्वहीन र कुन्ठित हुन्छन्
कहिले मानव जीवन पाउछन् त कहिले पशु पन्छी हुन्छन्।

सृष्टि-क्रमको बाढीमा अनेक योनिमा घुम्दै
कार्य-कारण र त्यसको परिणामरुपी
कर्मफल भोग्दै घुम्न बाध्य हुन्छन्
क्रमैले वनस्पती, पशु-पन्छी या मानव हुन्छन्।

यताको चलन नै यस्तै छ यो सृष्टि क्रमको
यहां पाप त स्वतः भैहाल्छ स्वास फेर्दैमा पनि
लाखौ अरु जीवको हत्या भैहाल्छ अन्जानमै पनि।

संसार-क्रम दिनको लागी यहां
जीव नै जीवको जीवन हुन्छ
एकले अर्कालाई खाएर वांच्दै,
घुम्दै पछि उस्लेपनि अर्कालाई खान्छ।

कोही पनि पाप-कर्मबाट मुक्त रहन सक्दैन यहां
सुत्दा, उठ्दा, खांदा, वोल्दा र स्वास फेर्दा पनि कर्म भैहाल्छ

जहां तक कर्मको क्रम जारी रहन्छ
तब तक् कर्म-क्षेदनको क्रममा बांधिएको जीव
कर्म भोगको पेटारी साथ लिएर जन्मन बाध्य हुन्छ।

यस्तो स्थितिमा जन्म-मृत्युको बन्धन कसरी छुट्ने?
यो त झन-झन गांठो पर्दै बलियो हुदै निरन्तरता दिन्छ।
जीवन जीउन बाध्यता छ यहां जीवको लागी
जन्म भयो कि जीवन-रक्षाको डर स्थापित भै हाल्छ।

तर पनि यहांका अनेक बाध्यता भित्र पनि
जीवको लागी सकेसम्म राम्रो जीवन जिउनको लागी
विवेकशील भएर आफैंलाई रचना गर्ने
परमेश्वरको नित्य स्मृति संपादन गर्नु नै
एकमात्र उपाय सर्वोत्तम देखें मैले।

धर्म र पापरुपी कर्म र तिनका फलरुपी डोरीहरु
क्षणिक् आभास मानेर समानरुपले समन् गर्नु पर्छ।
सांसारिक पद, वैभव नशा, र अरु मनोरंजनका साधनहरु
क्षणिक् सुख-साधन हुन्, सच्चा सुख यिनबाट प्राप्त हुदैन।

यसरी कर्मफलद्वारा नियन्त्रित भोग भोग्दै जीवन चलाउदै
भोगबाट विरत रहदै र विवेक पूर्वक उचित कर्म गर्दै
परमात्माको व्यापकता र सर्वनियन्तापन बोध गर्दै
शरणागतिको स्थितिमा रहनु सर्वोत्तम जीवन जिउनु देखें मैले।

विवेकपूर्ण जीवन यापन गर्दै अभिन्नरुपले
परमात्माको व्यपकता भित्र आफूलाई पनि
एकाकार अनुभव गर्नु जीवनमा शान्ति पाउनु हो
संपूर्ण विश्व ईश्वरेच्छा अनुरुप संचालित हुनेहुदा
त्यसै अनुरुप उच-नीचलाई समानरुपमा बोधहुनु
जीवनमा शान्ति प्राप्ति गर्ने एकमात्र सफल उपाय पायें मैले।

## सांचो कुरा

जवसम्म जीवनको सच्चाईलाई बुझिदैन,
जवसम्म त्यसलाई हृदयंगम गरी व्यवहारमा उतारिदैन
यसरी स्वीकृत जीवन-क्रमलाई स्वत:स्फूर्तरुपमा
ढालेको अनुभव आफूलाई हुदैन
तवतक सच्चाई बोध भएको दृढ हुदैन।

जीवनको सच्चाईलाई स्वत:स्फूर्त पालना नहुन्जेल
आप्नै प्रयासद्वारा धेरै काम गर्न खोजिन्छ
जीवनका विसंगतिहरुलाई जीत्न र दवाउन खोजिन्छ
आफ्नै बल-वुता लगाएर व्यवहार गरिन्छ।

आफ्नै बुध्दि लगाएर अहंकारले ग्रसित मन लिएर
गरेका कामहरु यदाकदा सफल हुन्छन् अन्यथा विफल
तब शान्तिपूर्वक् निश्चिन्त मन भएर रातमा नीद्रा कसरी पर्नु?
जीवनका विषयमा चिन्तन गर्दा शंकारहित कसरी हुनु?

अहंकारले ग्रसित भएर आफ्नो चालाकि अरुलाई थोपर्न खोज्दा
सदैं डर नै डरले घेरी रहन्छ
जीवनका कमी-कमजोरीहरु प्रति सदै सजग भैरहनु पर्छ
अनि त रातमा नीद-हराम भैहाल्छ।

जीवनको सचाई केहो त?
यसको उत्तरमा भन्नै पर्छ
कि यो संसार जुन हाम्रा आंखा अगाडी छ
या भनौ यो दृश्य जगत् जुन भौतिकरुपमा विद्यमान छ
त्यो सब क्षणिक र नाशवान मात्र छ।

क्रमिक फेर-वदलको साथसाथै परिवर्तनशील छ
हिजो जे-जस्तो थियो त्यो आज छैन
आजको स्थिती भोली रहंदैन
यसलाई स्थिर भएर चल्ने गति नै छैन।

यस्तो प्रकृतिको गति भित्र म पनि परेको छु
प्रकृतिको नियन्त्रण-प्रणलिबाट नियन्त्रित छु
यस तथ्यलाई बोध गरी अन्तस्करणबाट
स्वीकार हुनु नै वास्तवमा
जीवन प्रतिको प्रथम ज्ञान हुनु हो ठान्दछु।

आफूलाई प्रकृति-नियन्त्रित् बोध भए पछी
प्रकृतिको संरचना र त्यसको नियन्त्रकको पनि
बोध हुनु आवस्यक छ जसमा ईश्वरीय तत्व आउंछ
जसले स्वयं प्रविष्ट भएर यसलाई चलाएको छ।

उसैले आफैं भित्र यो संपूर्ण बह्ममाण्डको रचना गऱ्यो
र यस भित्रका नियम-नियन्त्रण कायम गर्दै
आफैं नैं चेतनारुपमा प्रविष्ट भएर
यो संपूर्ण विश्वलाई चलायमान गराएको छ
जीउंदो भएको आभाष दिलाएको छ।

त्यस्तो चित्घनस्वरुप परमात्मा स्वयं
संपूर्ण प्राणि र पदार्थहरुमा चित्रुपले विद्यमान रहेर
आफैं भित्र आफैं अनेकरुपमा प्रकट् भएको छ
अनेक प्रकारका कार्य सिद्ध गर्न सोहि अनुरुपका बनेको छ।

यसरी परमात्माको उच्चस्तरको व्यापकता, कार्यदक्षता,
कार्यशीलता र कारण-शरीरहरुको रचना
यी सब कुराहरुको बोध हुनु, अनुभूति हुनु
आध्यात्मिक ज्ञानको स्पष्ट तथा उच्चस्थिति हो
मलाई लाग्छ यसैलाई सांचोरुपमा ब्रहमज्ञान भन्नु पर्छ।

यसप्रकारको उच्चस्तरको चेतनशीलता प्राप्त गरी
परमात्माको व्यापकता स्पष्ट अनुभव गर्ने व्यक्ति नै
वास्तवमा महाज्ञानी हो र जीवन्-मुक्तरुपी हो।
प्रकृतिमा विद्यमान मायारुपी पर्दा-फास गरेर
मायापारको परमात्माको व्यापकता बोध गर्नु नै
सृष्टि-श्रृंखलामा रहेको सच्चाईको बोध गर्नु हो।

परमात्मा, माया र प्रकृति सम्मिलित सृष्टिको विषयमा
अनुभूत व्यक्ति बाहिरी जगत् प्रति अत्यन्त विवेकशील हुन्छ
जीवन-क्रमका व्यवहार र अरु जीवहरु प्रतिको दृष्टिमा
दयालु, शहनशील र समझदारीपूर्ण हुन्छ।

सुख-दुख, राम्रो नराम्रो र सुगम-विषम परिस्थितिमा
पूर्ण विवेकशील र धैर्यवान रहदै शान्त रहन्छ
न त सफलतामा उत्ताउलो हुन्छ न विफलतामै विछिप्त हुन्छ
सवैतर्फ संयमित रहेर मनलाई शान्त राख्न सफल हुन्छ।

परमात्माको व्यापकता बोध हुनासाथ

सृष्टि-संरचनाका संपूर्ण कृया-कलापहरु
उसैका ईच्छा अनुरुप अगाडी बढीरहेको
स्पष्टरुमा अनुभव हुन थाल्दछ।

यहां न त अरु कुनै दोश्रो शक्ति विद्यमान छ
न त कुनै पक्ष या विपक्ष नै प्रतिस्पर्धा गररिहेछ।
यहां त सर्वत्र संपूर्णरुपमा केवल ईश्वरीय शक्ति
कृयाशील भएको देखिन्छ स्वत:स्फूर्तरुपमा।

एउटै चित्घन् परमात्मा अनेकरुपमा प्रकाशित छ
संपूर्ण विविधतामा, सुगमतामा र विषमतामा पनि
स्वयं परमात्मा अनुगत् रहेर कार्य गर्छ
आफैं भित्र रचना गर्छ आफैं काम गर्छ
आफैंले आफैंलाई खान्छ र अन्त्यत
एकत्रित शक्तिपुन्जको रुपमा आफैंमात्र विद्यमान रहन्छ।

यसप्रकारका अनेकता भित्र विद्यमान रहेको
परमात्माको आनन्दमयी स्वरुपतर्फ जसले ध्यान दिन्छ,
जसले त्यसको चस्का पाउछ कृपापात्र भएर
परमात्मासंगै आनन्दानुभूतिको सैर गर्छ।

हो त्यसैले नै जन्म देखी मृत्युपर्यन्त सर्वत्र
सवै कार्यममा आनन्दकै मात्र अनुभव गर्छ
अनेकतामा रुमलियको परमात्मासंगै पनि
आनन्ददाएक भएर आत्मा र परमात्मासंगको
सुखाभाष गर्न पाउछ सर्वत्र समता देख्छ।

जो यो  संसारमा प्रकृतिको बाढीमा बहीरहन्छ
अध्यात्मतर्फ चिन्तन गर्दैन, त्यसको गति भिन्न छ।
परमात्मतत्वको थाहे नपाएको कारण अहंभावले घेरिएको हुन्छ
भिन्नतामा रुमलिएर विविधता, सुख-दुख आदिको मात्र बोध गर्छ।

परमात्मतत्वको बोध हुनासाथ जीवलाई लाग्छ
म आफैं बनको हैन रहेछु, बनायिएको रहेछु
मलाई थाह छैन पहिले के थियें, पछि के हुन्छु
त्यसकारण बनाउने शक्तिको नियन्त्रणमा रहेर
मनबाट संचालित हुन्छु, चलफिर गर्छु, काम गर्छु।

मलाई बनाउनेले उसको योजना अन्तरगत
कति समय यहां राख्ने हो त्यो पूरा गरेपछि

लाग्छ म उसैको नियन्त्रणमा यो परिस्थितिबाट
पार पांउछु र अर्कौ गन्तव्यतर्फ धकेलिन्छु।

यही हो जीवनको सांचो परिस्थिती
नबुझ्न्जेल र यसमा गहिरिएर नहेरुन्जेल
साधारण जस्तै लाग्छ जीवनको क्रम
प्रकृतिको बहावमा साधारणरुपमा बहंदाखेरी
यसका जटिलता र यहांको निरर्थकता लाई हेरिदैन।

तर जव जीवनको यर्थाथता तर्फ खोजी हुन्छ
तवमात्र यसलाई सार्थक बनाउने सोच जागृत् हुन्छ
विडंवना भित्र आनन्द र परंसत्यको खोज हुन्छ
सार्थक् बनाउने प्रयासमा परमात्म-प्राप्ति पनि हुन सक्छ।

## स्वप्न- जगत्

यो स्वप्न-जगत् हो प्यरे  स्वप्न-जगत्
यो हाम्रो जीवनरुपी स्वप्ना ईश्वर प्रदत्त हो
यता जन्म देखी मृत्युसंमको यो जीवन स्वप्ना
उता जन्मनु पहिलेको र मृत्यु पश्चातको स्थिती छ।

यहां रहंदासम्म सत्य झैं लाग्छ तर छ क्षणिक्,
विश्व-रचनाकार परमात्माद्वारा
हामी यस जगत्मा स्वप्न-शरीरमा फ्याकिएका छौं
वास्तविक उताको सत्य के छ? कस्तो छ? थाह छैन।

यो स्वप्न-शरीरबाट बिउंझे पछि
अर्थात जन्मपूर्वको र मृत्यु-पश्चातको
आफ्नो वास्तविक स्थिती कस्तो हो?
त्यो यहांको यो वर्तमान शरीरबाट थाह हुदैन।

यहां कसरी आयें? कति वस्छु?
कसरी, कहिले, कहां गएर यो स्वप्न टुंगिन्छ?
यहां रहंदा भोली के गर्छु? त्यो थाह छैन
ठान्दैछु यो वर्तमान सवै नित्य-सत्यवत् भोग्दै छु।

यहां सवै आफ्नै-आफ्नो र विरानो पनि ठन्दछु
यी मेरा वरिपरिका मानव-जाती र परिस्थिती
र अरु अनेक रुपधारी शरीरभोगी जीवहरु
आफ्नु-आफ्नै रुपले स्वप्न भोगिरहेछन्

माया-दया गरी पालन पोषण गर्नेहरु नै
एकदिन क्रुर भएर त्यसैको प्रिय शरीरको वध गर्छन,
अनि सवै मिलेर नोचेर खाईदिन्छन्
विउंझेको वेलामा पनि यस्तो विभत्स कर्म गर्न सकिन्छ र?

यहां एकले अर्कालाइ माया-प्रेम गर्ने देखी लिएर
त्यसैलाई मार्ने, लूटने, दवाउने, सताउने, दुखदिने, जीतने,
एकले अर्कालाई मारेर खान होड मच्चाउने
यस्तो विपरति, विषम र विभत्स स्थिती विद्यमानछ।

यस्तै अनेक अवसर र प्रतिस्पर्धामा रहदा रहदै
एक न एक दिन कुनै कारण देखाएर
यहांको स्वप्न-शरीर छुटिहाल्छ
अनि यहांको जीवन-स्वप्ना पनि तत्काल टूट्दछ।

स्वप्न-शरीर टूटेपछी दुईटा कुरा हुन सक्छन्
सायद स्वप्नपूर्वको निजी स्थिती तर्फ फर्कने
अथवा फेरी अर्को स्वप्न-शरीर भोग्न जाने
स्वप्न-शरीरका यी दुईटा बाटाहरु मध्धे अर्को हुन सक्दैन।

यस्तो जीवनरुपी स्वप्ना भोगिरहेको वेला
शरीर सुतेर अचेत भएको वेला पनि
हामिलाई अर्को स्वप्नाको आभाष हुन्छ
त्यो स्वप्नामा जीवन-स्वप्ना भन्दा अलि भिन्नता हुन्छ।

शरीरको नीद्रावस्थाको स्वप्ना कसले देखाईदिन्छ
हामीलाई थाह हुदैन तर पनि शरीर विउंझो रहदा जस्तै
त्यो स्वप्नमा हामी प्रत्यक्ष अनुभव गर्न सक्छौं
अनेक् कडी र घटनाहरु शरीरले जस्तै स्पष्ट भोग्छौं
जीवन्-श्रृंखलाका घटनाका संबन्धमा इसारा पाउंछौ।

तर त्यो स्वप्नामा यो शरीररुपी स्वप्नमा जस्तो
भौतिक यथार्थता भने विद्यमान रहदैन
यद्यपि त्यो स्वप्नाले के ईसारा गर्छ भने
स्वप्ना देख्न र वस्तु-भोगको अनुभव गर्न
शरीर नै चाहिन्छ भन्ने चाही हैन
विना शरीर पनि विश्वका कर्म
र भोगको अनुभव हुन्छ।

यस्तो जीवन-स्वप्ना र त्यसको पनि नीद्रा स्वप्ना
दुबैको अनुभूति गर्ने म भित्रको चेतना भने
यो शरीर र यसको नीद्रा स्वप्ना भन्दा अलग्
दुवै प्रकारका स्वप्नाहरुको अनुभव गर्ने रहेछ
त्यो केवल इसारा र स्वप्नमात्र नभएर परंसत्य रहेछ।
यसको वास्तविकता अनुभव गर्न सकिन्छ।

त्यस्तो साछीरुपी चिदात्मा ने नित्यरुपमा
सत्य र तथ्यगत रहेर शरीर-स्वप्ना पनि भोग्ने
र नीद्रा-स्वप्नको पनि अनुभूति गर्ने गर्दो रहेछ
भोग्ने र भोगेको अनुभव गर्ने चेतन् स्वयं स्थिर रहेछ।

यसरी देखिने स्वप्न-शरीर र नीद्रा-स्वप्ना
न हिजो थियो न भोली रहन्छ
तर केवल् वर्तमानसंग मात्र संबन्धित रहन्छ।
चिन्मय सत्य भने बोधमय स्वरुप छ
जुन अनन्त, व्यापक र अपरिवर्तनीय छ।

परविर्तन त अनित्य वस्तुमा मात्र हुन्छ।

म अहिले यो जुन मानव-शरीररुपी स्वप्न भोगिरहेछु
यो त अनित्य, असत्य, क्षणिक र विडंवनापूर्ण पो रहेछ
दुखै-दुखले भरिएको यस्तो स्वप्न-शरीर पाएर पनि
यसको एउटा सुन्दर पक्ष रहेछ।

त्यो सुन्दर पक्ष भनेको अफूले आफू स्वयं
"यो स्वप्न शरीर पो भोगिरहेको रहेछु"
भनेर थाह पाउनु र चित्सत् पट्टीको आभाष हुनु हो
जसबाट आफ्नो असली स्वरुप पूर्वावस्थाको बोध गरी
चिन्मय परमात्मासंग यो आत्मारुपी चेतन्को
एकाकार गराएर विडंवनाबाट छुट्कारा पाउनु हो।

यदि यस्तो जीवनरुपी प्रगाढ नीद्रामा रहंदा
कुनै वेला स्वप्नामा पनि "म त स्वप्नामा पो रहेछु"
भन्ने बोध भए जस्तै आफ्नो सत्य बोध हुनसक्यो भने
सायद पूर्वसत्य र मूल स्वरुपको खोजी गर्न
प्रेरणा मिल्न सक्छ र अनेक गुत्थी खुल्न सक्छन्
यताको सांसारिक जीवन
र उताको वास्तविक चित्घन संबन्धमा।

यस्तो सत्यको आभाष हुन सक्यो भने
सायद उताको सत्यतर्फ विउंझाउने
या भनौ पूर्वस्वरुपमा फर्कने संभावना वढ्छ
र पूर्णसत्य तर्फको ढोका खुल्नासाथ
सीमित र बन्धित शरीरावस्थाबाट
परमात्मस्वरुपको विहंगम र आनन्दमय स्वरुपको
प्रत्यक्ष अनुभूति हुन थाल्दछ
नत्र सदा यहींको स्वप्न-जगत् भोग्नु पर्छ।

## आत्मा

शरीरमा चेतनारुपले विद्यमान आत्मा
आफ्नो वस्तविक तत्व र संपूर्ण शक्ति संचार गर्ने
एउटैमात्र श्रोतको कडी हो
जसको संबन्ध अदृश्यरुपमा
परमात्मा संग गासिएको छ।

अगाध समुन्द्ररुपी परमात्म-तत्वबाट
मानो तरंग उठेर बनेको फिंजमा
जुन पानीको फोकारुपी आकार प्रकार
र चंचलताले भरीदिने रंग-रुप हुन्छ
त्यही अवस्था परमात्मा संग हाम्रो छ।

परमात्म-तत्वको तरंगबाट सृजित्
यो शरीरमा विद्यमान चेतनरुपी स्वयं सृषिकर्ता
यो विश्वमा अनेकरुपले प्रकट हुन्छ
चम्कन्छ, चल-फिर गर्छ, रमाउंछ, रुन्छ
र ठोकर खान्छ प्रकृतिको प्रवाह संगै।

छताछुल्ल भएर फैलने समुन्द्रको छाल संगै
त्यसको झोंकामा परेर आफैं फुट्छ
र त्यसैमा फेरि सृजित् पाउंछ आफैंलाई
अर्को भिन्नै फोकोको रुपमा पूर्वावस्थालाई विर्सदै।

जहांबाट जुन समुन्द्रको पानीको चंचलताले
फोको उठेको हो त्यो फुटेर हावा हावासंगै
पानी पानीसंगै भएर आत्माको अलग अस्तित्व
पूर्ण समुन्द्रसंगै विलाउंछ अभिन्न भएर अन्तत।

परमात्म-तत्वबाट प्रेरित भएर अलग भान गर्ने
हाम्रो चिदात्मा पनि त्यसैगरी संबन्धित रहन्छ
हांस्छ, खेल्छ, रुन्छ र अनेक कर्म गर्छ शरीरद्वारा
जबतक भिन्नभावमा रहन्छ यहां अहंकार बोकेर।

परमात्माको ईच्छारुपी कृयाशीलता संगै
चिदात्माको पनि कार्यशीलता शुरु हुन्छ
र अनेक रुप र कर्ममार्गमा भ्रमण गर्दछ
जसरी समुन्द्रको छाल संगै फिजको फोको गर्छ।

हाम्रो चिदात्माले अलग रुप-रंगहरुमा
घुमिरहन बाध्य छ जबतक परमात्म-तत्वको इच्छाले
आफू तर्फ फर्काउने प्रेरणा प्रदान गर्दैन
जब छालरुपि तरंग समुन्द्र तर्फ फर्के झैं
परमात्मामा फर्कने प्रकृया शुरु हुन्छ
अनि त वस् पूर्ण मिलन भैहाल्छ अभिन्नरुपमै।

छालबाट उठेर बनेको फिजको फोको झैं
विश्व भ्रमणमा अलग अस्तित्व बोध गर्ने
चिदात्माले पूर्ण एकता प्राप्त गरेर
पूर्वस्वरुप नपाउन्जेल भने यसको गति
अनेकताले भरिएको हुन्छ।

अणु-पर्माणु र शक्तिरुपको संबन्ध भए झैं
पूर्ण शक्तिरुप परमात्माबाट संचालित
संपूर्ण भिन्नभावी प्राणि, प्रकृति र पदार्थ पनि
अन्तत पुनरावृत्त भएर चित्घन परमात्मामै एकाकार हुनु छ
यात्राको अन्त नभएसम्म घुम्दै रहनु छ, वस्।

## विश्व-प्रेम

यहां सवैभन्दा प्रिय वस्तु आफ्नै जीवन हो
आफ्नो जीवनलाई जस्तै विश्वका संपूर्ण प्राणि
र पदार्थहरुमा पनि समानरुपले प्रेम हुनु,
आत्मीयता हुनु र आफ्नो पन हुनु विश्व-प्रेम हो।

यस्तो विश्व-प्रेमको आफ्नो पन या आत्मीयता
हृदयमा प्रस्फूटन हुनु साधारण प्राकृतिक
मानवजाति या प्रणिहरुमा सजिलो छैन
यस्तो भाव त सांच्चै साधुजनको स्वभाव हो।

अरु प्रणिहरुप्रति पनि प्रेम हुन करुण हृदय चाहिन्छ
कठोर हृदय भएका बाट अरुमा प्रेम हुन सक्दैन।
अरु प्राणिमा प्रेम हुन अर्काको दुख बुझ्न सक्ने हृदय चाहिन्छ।
जसले आफूलाई जस्तै अरुलाई पनि दुख हुन्छ भन्ने बुझ्छ
त्यस्तो करुण हृदयमा कपट् हट्न सक्छ।

कपट् हटेको हृदयमा पवित्र परमात्माको नित्य निवास हुन्छ
अनि त सवैप्रति आफैं जस्तो र सवै परमात्मामय देख्न सक्छ।
यसरी परमात्माको स्वच्छ प्रकाश फैलेको हृदय
सवैको हितकारी हुन्छ र त्यहां नयां-नयां चेतनाको
प्रस्फुटन हुंदै विशालताको जागृति हुन थाल्दछ।

परमात्माको स्वच्छ प्रकाश फैलिएको हृदयमा
सच्चाईको मात्र अनुशरण गर्ने गुण वृध्दि हुन्छ।
त्यहां प्रेमको नै बाढी बग्छ, अरुको दुख-दर्द बुझ्छ
अहिंसावादी मात्र हैन कि उस्को हृदय अति कोमल हुन्छ
र सवैलाई आफैंलाई जस्तै प्रेम गर्ने हुन्छ।

हो त्यस्तो सहृदयी, निष्कपट् हृदयले नै
सर्वत्र परमात्मतत्व नै स्वयं प्रस्फुटन् भएर
अनेक प्राणि र पदार्थको रुपमा यस विश्वमा
कृया-कलाप् संचालन गरेको र कर्म गरेको देख्न सक्छ।

परमात्माको व्यापकता यसरी नै बोध हुने हो
जब संपूर्ण चलायमान विश्व परमात्माको चेतनता हो
तब आफू र अर्कोमा भिन्नता कसरी भयो?
यस्तो तथ्य र सत्य हृदयमा गाढरुपले बोध भए पछि
अर्को जीवलाई दुख भएको पनि आफैंलाई जस्तै लाग्छ।

सर्व जीवहितु यस्ता महान आत्मा यस जगत्मा
थोरैको संख्यामा जन्मन्छन्, अरुहरु त कर्म-भोगमात्र गर्छन्।
जो कर्म-भोगमात्र जान्दछन् तिनिहरु यो बुझ्दैनन्
प्रकृतिको बाढीमा नियुक्त भएर केवल कर्म गर्छन् र भोग्छन्।

प्रेम र सद्भावको वर्षात गर्ने उज्वल सुहृद्बाट
विश्व-सेवाको साथ-साथै आत्म कल्याणको प्रदर्शन हुन्छ,
अरुहरुलाई पनि सन्मार्गमा हिड्ने प्रेरणा दिन्छ
र आफ्नो भाव व्यक्त गर्दै अरु जिज्ञासुहरुलाई पनि
अध्यात्म-मार्गमा लाग्न मद्दत गर्छ।

आत्मासंबन्धी अर्थात आफ्नै मूल संबन्धी
गहिरो खोज गर्ने विषय नै अध्यात्म-खोज हो।
अध्यात्म भनेको नै आत्माको मूल हो
अर्थात व्यापक परमात्मा हो र परमात्मसेवा हो।
आत्मा-परमात्माको प्रेम नै परमात्म-पूजा हो।

तिमि जस्तो व्यवहार अरुप्रति गर्छौ
दुखीको दुख टार्न कोशीश गर्छौ
परिणाम अन्तत त्यस्तै अनुरुपको हुन्छ
यद्यपि तुरुन्तै त्यसो नदेखिन सक्छ।

हालां कि केहि समय अरुले नबुझ्न सक्छन्
तर स्वच्छ हृदयबाट फैलिएको करुण प्रकाशले
अरुलाई पनि उज्यालो दिने हुन्छ, मार्ग दर्शन गर्छ।
यही नै विश्व-पे्मको परिणाम हो, सर्व कल्याणको मार्ग हो।

परमात्माबाट प्रस्फुटन् भएर सगुणरुपमा
यो जगत्को सृष्टि हुनु, सत्व-रज-तमको विभाजन् हुनु
त्यस्तै यो सबैको मूल निर्गुणस्वरुप परमात्मा
अर्थात विश्व-प्रपंचको लेसरहित् स्थिति लाई बुझ्नु
विश्वभर परमात्माको यर्थाथ स्थितिलाई बुझ्नु हो।

विश्व-प्रेमी भक्तलाई परमात्माको प्रत्योत्तर प्रेम प्राप्त हुन्छ
त्यस्तो भक्त बाहय जन्को दृष्टिमा फरक् देखिन्छ
आफ्नै सोचमा आनन्दित रहने एकान्त-प्रिय
मानसिकरुपमा परमात्मा संग प्रत्यक्ष वार्ता गर्ने हुन्छ।

परमात्माको प्रेममा मग्न भएर हांस्ने, रुने,
नृत्यगर्ने र आनन्दको अनुभूतिगर्ने भाव प्रकट् हुन्छ।
उसलाई भगवान्ले गरेको प्रत्योत्तर प्रेमको अनुभूति
उसको बाहिरी शरीरबाट प्रकट हाव-भावमा देखिन्छ।
वेला-वखत परमात्म-प्रकाश कम भएको बोध हुदा
छटपटाहट् देखिने केहि हराए जस्तो भाव देखिन्छ।

बढ्दो परमात्म-प्रेमको कारण विशेष प्रकासित स्थिति
उसको हृदयबाट हट्दैन वरु वृध्दि भै रहन्छ।
आपसी प्रेम-भावमा बांधिएको भक्त र भगवान् तथा
आत्मा र पामात्माको एक्यता विश्व-प्रेमको पराकाष्ठा हो।

## जगत्- सृष्टि

यो देखिने जगत् र यसका पदार्थ
वनस्पति र असंख्य जविको जीवन-श्रृंखला
समग्रमा हेर्दा क्षणिक् अनिश्चित र लक्ष विहिन् झैं लाग्छ
यद्यपि यसमा रहने जीवले नित्य र सत्य मान्दछ।

वर्तमानमा विद्यमान स्थितिलाई हेर्दा
लाग्छ यो नित्य र सत्य छ
तर निरन्तरको परिवर्तनरुपी कममा
यस्का विचित्रताहरु पनि परिवर्तन हुंदै जान्छन्
समय-सापेक्षरुपमा पुरानो विलाउंछ, नयां आउंछ।

पुरानोको नाश हुने कम संगै नयांको वृध्दि हुन्छ।
युवावस्थाको कृयाशीलता वृध्दावस्थामा विलाउंछ।
युवावस्थामै भविष्य संचालनको लागी
नयांपुस्ताको सृष्टि हुन्छ।

यही कममा यो जगत्को निरन्तरता रचित् छ।
जुन हिजो थियो आज छैन, आजको भोली रहंदैन।
हिजोको सत्य आज अस्तित्वमै छैन आजको भोली रहंदैन।
वर्तमानमात्र यथार्थ छ, यहांको कम नै यस्तै छ।

यस्तो यो अनिश्चित् तर वर्तमानमात्र
सत्य झैं प्रतीत हुने सृष्टि-संरचना
यसका रचनाकार जसलाई हामी
ईश्वर, परमेश्वर, परमात्मा, प्रकृति
आदि नामले पुकार्दछौं।

त्यस्तो भौतिक अस्तित्व बोध नहुने
तर त्यसका कृया कलापहरु स्पष्ट बुझिने
हामी जीवहरु यस सृष्टि-कममा अनुभव गर्छौं।
त्यस्तो सर्वशक्तिमान भएर पनि उसकै ईच्छामा
यस्तो विडंवनापूर्ण सृष्टि किन गर्नु पर्‍यो?

यस्तो जटिल संरचनाको संचालन किन गर्नुपर्‍यो?
र यस्तो विडंवनाको स्थिति बनाउनुको उद्येस्य के हो?
सिदा जवाफ हामिले बुझ्ने गरी संभव छैन।
लक्षतर्फ हेर्दा पनि हामिले बुझ्न सक्ने छैन।

धेरै खोजविन गरे यही विषयमा धरैले
युगौं-युगदेखिका चिन्तक्हरुले चिन्तन् गरे
अनेक सिध्दान्त र अफ्ना-आफ्ना अनुभव कोरे
तैपनि सहीरुपमा र ठोस जवाफ पाएनन् कसैले।

अनुमान धेरै प्रकारका लगाएका छन् धरैले
मानो यो क्षणिक खेल हो ईश्वरको
बालकले वालुवाको घर बनाएर खले भैं
केही समय खेल्छ र उक्ताएपछि भताभुंग पार्छ।

आफैंले खेल्न बनाएको वालुवाको घर
भत्काएपछि निर्मोह भएर हिडिदिन्छ
अर्केतर्फ अर्को खेलको तर्जुमामा
पूरानो खेल विर्सेर या निर्मोह भएर।

अनुमान अरु पनि धरै छन्।
कोई भन्छन् यो सव ईश्वरको लीलामात्र हो
नाटकमा नाटकार, कलाकारहरुले नाटक रचे जस्तो
यसमा कुनै सत्यता छैन, केही आधारित श्रृंखला छैन।

कोई भन्छन् यो सृष्टि कर्मफल भोग्ने थलो हो।
यहां पूर्व संचित कर्मको फल यथार्थ पाइन्छ,
यहां गरेको वर्तमान कर्मको फल यहां पनि
र संचित गरेर पछिका योनिमा पनि भोगिन्छ।

कर्मफल भोगका कममा कहीं वताइएका छन्
सुकर्मका फलको भोग स्वर्गमा गर्न पाइन्छ, मृत्यु-पश्चात्
कुकर्मका फल नर्कलोकमा पाइन्छ, कष्टका साथ
तसर्थ सुकर्म गर्ने सल्लाह दिन्छन् प्राय यहांका धर्महरु।

यस्ता अनेक सिध्दान्त अनुमान र अनुभूतिका वावजुद
कुनै पनि यस्तो विचार देखिदैन जसमा एकरुपता होस्,
तथा पूर्ण व्याख्या र यथार्थ विवरण दिईएको होस्।

परमात्माको मायाको कडीले ढाकिएको हाम्रो चिन्तन्
एउटा हद सम्म पुग्छ र त्यति नै सत्य मानेर रोकिन्छ।
पूर्वपाठहरु बाट यही नै सत्य-सिध्द हुन्छ।

यस्तो विशाल ब्रहमाण्ड र यसका विविधता
यसका जटिलता, सुन्दरता र विभत्सताहरु के हुन त?
साथै मनबाट हुने प्रेरणा, शारीरिक् कृयाशीलता

वंश-वृध्दि र विनाशको श्रृंखला प्रकृतिको प्रकृया के हुन त?

परमात्माको शुरुदेखी अन्ततकको योजना
सायद हामिले बुझेका छैनौं।
बीचको क्षणिक् जन्म कर्म र यसको अवस्थामात्र
हामिले तौलेका छौं।

अनन्तकाल देखि अन्त संमको योजना हुनु पर्छ
जुन कडीमा हामी परेका छौं र यो क्रम जारी रहन्छ
जबतक ईश्वरीय संरचनाको अन्तीम उद्येस्य पूरा हुदैन,
त्यो एक क्षणमा पूरा हुने हैन।

यो वर्तमानको हाम्रो उपस्थिति जम्मै क्षणिक् छ।
यो सायद अनन्तयात्राको क्षणिक प्रसंग मात्र हो
तसर्थ यसले न शुरु देखाउंछ न त अन्त्य नै
यसैलेमात्र यो विषयमा अनुमान लगाउंन अपर्याप्त छ।

शुरुदेखि अन्ततकको कडी उद्येस्यपूर्ण अवस्य छ।
तर यसको यथार्थ उपलब्धी र शूरु-अन्त्यको ज्ञान
केवल रचनाकार परमात्मालाई मात्र थाह छ,
हामी त यसमा उसैका साधन मात्र हौं
उसैको लक्ष-प्राप्तिको लागी रचित् अनेकतामा आबद्ध छौं।

## माया

आज दु:ख छ भोली त सुख भैहाल्छ
अनि त म सुख भोग गरिहाल्छु नी
यही मानसिक प्रेरणा लिएर
म नित्य दौडिरहेछु, भोलीको सुख भेट्टाउन।

यस्तो मृगतृष्णारुपी दौडमा
सायद हिजोको भोली त आजै हो
तर त्यो सोचेको सुख भने आएन
अिजोको दुख त अलि विर्सियो तर
आज त झनै पो दुख बढेको छ।

कहिले काहीं झुक्याउछ मेरो मनको प्रेरणाले
म ठान्छु मीठो खानु, राम्रो लाउनु,
राम्रो घरमा वस्नु र शरीर-भोगरुपी सुख भोग्नु
यत्ति नै मात्र हो यहांको सुख-भोगको लक्ष।

तर ती सुख भोगका लागी गरेका प्रयास्बाट
झन् कठिन र ठूला-ठूला दुखहरु आमत्रित हुदा रहेछन्
झन् दुखका श्रृंखलाहरु एकपछि अर्को बन्दा रहेछन्
त्यस्तो आशा र प्रयास नै अनन्त दुखका क्रम रचदा रहेछन्।

त्यसकारण दुखको अन्त नै नहुने रहेछ यहां,
सुखको खोजबाट सुख खोज्दा खोज्दै
दुखको भुमरीमा बटारिदिने
यो मानसिक् प्रेरणारुपी कडी नै
सायद ईश्वरीय माया हो क्यारे,
ईश्वरद्वारा नियन्त्रित मार्ग हो क्यारे।

यही प्रेरणाको श्रोत नै जीवको लागी
जीवन-पथमा डोहोऱ्याउने,
सृष्टि-क्रम लाई निरन्तरता दिईरहने,
जीवलाई भुल्याइ राख्ने कडी हो क्यारे।

यसमा जीवलाई सीमित स्वतन्त्रताको आभाष पनि हुन्छ
र "म आफैंलाई सुखी बनाउन यो उद्योग गर्छु"
यस्तो प्रेरणा दिएर अघी बढाउंछ,
तर फल भने अहिले निश्चित हुदैन
कल्पना मात्र हुन्छ सफलताको
अन्तीम परिणम त परिस्थिती वस जे मिल्छ त्यही हुन्छ।

फल प्राप्तिको लागी शरीरमा अहंकार भरिएको छ।
संचित धनले धनैषणाको अहंभाव दिन्छ।
अनेक कुकर्महरु गरेर झनै बढी थुपार्ने प्रेरणा दिन्छ।
तर त्यसको फल त यहां थोरै भोग्छ,
कुकर्मको फल भने धेरै बांकी हुन्छ।

जाती, कुल, वंश र परिवार पनि अहंकारकै संगठन हुन्।
विद्या, पद, मान र स्थान पनि अहं बढाउने साधन मात्र हुन्।
विविधता,सांप्रदायिकता, धर्मान्धता र जातीयता,
अल्पसंख्यक र वहुमत अदि पनि सत्य छोप्ने ढक्कनमात्र हुन्।

यसरी अनेकता र अहंकारले भरिएको बुध्दि छ।
जीवलाई सृष्टिकर्ताले आफ्नो उद्येस्यगत् काम गराउन
मनबाट बुध्दिलाई प्रेरणा गरिदिन्छ
र बुध्दिबाट शारीरिक बललाई प्रेरणा मिल्छ
तद्अनुरुप कार्य गर्न, सांसारिक लक्ष प्राप्ति गर्न।

अन्तीम परिणाम पनि तसर्थ प्रेरणादाएकले चाहे जस्तै हुने हो
न कि प्रेरित जीवले मूर्खता वस लड-भीड गरेर चाहे जस्तो।
यसरी अंध-विडंवनामा जीवलाई प्रेरित गर्ने
उही ईश्वरीय माया हो हामीलाई भुलाई राख्ने।

आजको दुख भोग्न वाध्य हुनु,
हिजोको दुख विर्सदै "वरु हिजै सुख थियो" ठान्नु,
भोली सुखमय हुने कल्पनामा बांच्नु,
यो नै ईश्वरीय मायको त्यान्द्रो हो
जसले गर्दा जीवलाई यहां कर्म गरीरहने प्रेरणा दिन्छ।

कुनैपनि सांसारिक पदार्थलाई असत्य हो भन्ने जन्दाजान्दै
सत्यवत मान्ने बुध्दि दिएर
जीवलाई दिग्भ्रमित पार्दै कर्म-मार्गमा प्रेरित गर्ने
जुन ईश्वरीय शक्ति जीव-माथी सवार छ, त्यो नै माया हौ।

जीवनको शुरु र यस्को अन्त्यको विषयमा
आफैंलाई केही थाह नहुदा-नहुदै पनि
यो वर्तमानलाई सत्य मानेर
यसैको विडंवनापूर्ण स्थितिमा रमाई रहनु के हो त?।

अनि तुक्ष भोग क्षणिकरुपमा भोग्न पाउंदा
सर्वोत्तम उपलब्धि पाए सरह संझेर रमाउनु
आफ्नो शरीर र यो संग संवन्धित मात्र

यहां सर्व सार्थकता हो भन्ने ठान्नु के हो त?।

तर आफैं जस्ता अरु जीवहरु तथा समान मानवलाई नै
आफ्नो तुक्ष स्वार्थ-पूर्तिको लागी
छल-कपट गर्न र दुख दिन पछि नपर्नु
अनि आफूलाई अरुले दुख दिदामात्र दुखको अनुभूति गर्नु के हो नी?।

यस्तो विचारहीनता र विवेकहीनतापूर्ण
आफ्नो बुध्दि ढाकिएर मूढपना पाउनु
यही नै त हो परमात्माको बलियो कडी
जीव-माथी ढाकिराख्ने माया-जाल।

यसरी सत्य ढाकिएर असत्यलाई सत्य ठान्दै
अनेक् कुकर्ममा लाग्न प्रेरित गर्ने
माया-जालकै कारण जीव घुमिरहन्छ
यो सृष्टि-जगत्मा अनन्त काल सम्म
त्यस्तो विस्मृत् भएर गरेका कर्मको परिणाम भोग्दै।

आफैंद्वारा रचित् आफ्नै चिदांश स्वरुप
जविलाई यसरी नत्र परमात्माले
किन अन्धकारमा राख्नु पर्थ्यो र?
यथार्थ ज्ञान पनि त दिन सकिने थियो नि।

तर सत्य बोध हुना साथ कुन जीव होला
जो यो मायाको प्रपंचमा फसिरहोस्?
त्यसकारण लाग्छ परमात्माले आफ्नो लक्ष पूरा गर्न
जीवलाई मायाले ढाकिदिएर कर्म-मार्गमा प्रेरित गरिरहेको छ।

मायाको पर्दा हट्नु भनेको ईश्वरको यथार्थता जान्नु हो
जुन कुरा ईश्वरको कृपा-अनुग्रह नभै संभव छैन।
यदाकदा शरणागत् भक्तहरुलाई मात्र
सारै आग्रह परेपछि प्रभुले त्यस्तो कृपा गर्ने गरेको अनुभव हुन्छ।

मायाको पर्दा हटाएर विउंझाई दिने
प्रेमपूर्ण कृपा भएको भान हुन्छ
अन्यथा जीव सृष्टि-मार्गमा आए पछि
मायाको चक्करमा परेर
अनन्त कालसंम घुमिरहन्छ।

## मन

मन आखिर मन नै त हो
नियतीको नेती, परमात्माको प्रतिनिधी
अत्यन्त चंचल भएर यता-उता दौडीरहन्छ,
स्वप्नामा पनि केही न केही त गरिरहन्छ।

चेतन् खुल्ना साथ केही न केही गरि नै रहन्छ,
यस संसारमा सुखी हुनको लागी हावा महल रचिहाल्छ।
कल्पित् जगत्मा नियतीले पनि कल्पना गर्ने प्रेरणा दिन्छ
र मन अनेक कल्पनाहरु गर्दै सृष्टि-क्रमलाई जारी राख्छ।

त्यस्ता कल्पना-रचनाको क्रममा परेर
परमात्माबाट नै निरुपित र नियन्त्रित् रहन्छ।
अनि परिस्थितिको वसमा परेर आफ्ना कल्पनालाई
सोही हनुरुपको आकार-प्रकार दिन्छ।

सदैं युवक झैं संझने मन आफैं भित्र रमाउंछ
शरीर वृध्द र असक्त हुदा पनि मन भने उत्साहित रहन्छ
मानो सोरवर्षे पट्ठो जस्तो भएर
अनेक तानावाना बुनी नै रहन्छ।

परमात्म-तत्वको प्रतिनिधीका रुपमा शरीरमा रहेर
आफ्नो चेतन् तरंगको सूक्ष्म अभिव्यक्तिलाई
जीवन्-क्रममा कर्म-मार्ग तर्फ प्रेरित गर्ने
सृष्टि-क्रमको बलियो कडी हो मन।

जीवलाई कता लाने हो त्यतै प्रेरित गर्ने
परमात्माको सूक्ष्म नियन्त्रण प्रणाली संग
आवध्द भएर गन्तव्य तर्फ धकेल्ने शक्ति हो
नित्य चंचल र लालायित् मन।

मन नै चेतनताको श्रोत हो
चिन्तनको चकालो र संझनाको पनि श्रोत हो
बोध गर्ने शक्ति मन नै हो र बुध्दिको भण्डार पनि हो
सतर्कताको डोरी हो मन अगाडी बढाउने सृष्टिको।

संसार तर्फमात्र लाग्दा संसारमै रमाउने मन
एकाग्रता पूर्वक परमात्म तत्व पट्टी लाग्यो भने
आफ्नो मूलतर्फ सोच्यो भने वस भैहाल्यो
अन्तत एकाकार, अनि मात्र छुट्छ यो संसार।

समुन्द्रबाट वाफ भएर उठेको पानीको श्रोत
पहाडमा वर्षात भए पछि जसरी नदीको मार्ग लिन्छ
र आखिर समुन्द्रमै मिल्न पुग्छ, पूर्वश्रोतमा
त्यसै गरी परमात्मा तर्फ फर्केको मन
परमात्मा संगै मिल्न दौडन्छ र टुंग्याउछ संसार मार्ग ।

यसरी मूल श्रोतमा फर्केको मनले
चंचलताले रचित अनेक झोंकाहरु सहनु पर्दैन
शान्त भएर गंभीर तथा व्यापक स्थितिमा रहन्छ
मानो वायुको झोंकाबाट थकित वादल
वर्षा पछि नदीको मार्ग हुदै समुन्द्रमा मिल्छ।

बहिर्मुखी मन अन्तरमुख भएर
विश्व-वैभव र विचित्रताबाट मोडिएर
गंभीररुपको आस्वादन गर्ने स्वाद पाउनासाथ
क्षणिक झिलिमिलीलाई त्यागेर नित्य अन्तर्निहित हुन्छ।
नित्य स्मृति-संपादन गर्दै पुनरागमनमा व्यस्त रहन्छ।

नित्य परमात्म चिन्तन गर्दै
परमात्माकै नाम-लीला आदिमा मन लगांउदै
अनन्तरुपधारीका अनन्त नामहरु मद्धे
आफूलाई प्रिय लाग्ने नामहरु
नित्य जप गर्दै स्मृति-संपादनमा मन लगाउनु
आफ्नो मूल स्वरुपतर्फ फर्कने एउटैमात्र
सरल र अचुक उपाय सिध्द भैसकेको छ।

मन लगाएर विचार गर्दा मनलाई नै
परमात्माको तन्द्रामा झुन्डाएर
समर्पण भावमा रहँदै आफूलाई
अन्यथा निरिह पाउनु सिवाय
आत्यन्तिक हित हुने
यो जगतमा अरु केही उपायदेखिन मैले।

आफूमा आफैंले अफैंद्वारा
भिन्नरुपमा रहेको अहंकार बोकेर
गर्न सक्ने अरु केही उपाय देखिन मैले
परमात्माबाट भिन्न केही देखिन मैले।

हे मन ! लग सदैंभरी उसैको पछी लगीरह
जसको कारण यो चेतनयुक्त शरीर पाएको छस्
जसद्वारा यो संपूर्ण दृश्य-जगत्
रचित्, संचालित् र लयित हुन्छ।
उसैको पछि लाग, शरण परेर पूकार गर।

एकदिन न एकदिन त अवस्य हेर्नेछ उसले
दया गर्ने छ, तेरो समर्पणभाव स्वीकार गर्नेछ।
शरणागतिको फल यो चक्करबाट मुक्ति हुने छ
हे मन ! तबमात्र यो दुखैदुखको फजिती छुट्ने छ।

## धर्म- कर्म

यस जगत्मा विद्यमान धर्महरु
समाज-संचालन गर्ने नियमहरु हुन्
जसको पालनाले समाज व्यवस्थित रहन्छ
र कुकर्महरु हुन नदिएर सुकर्मको ताना बांध्छ।

यहां सुख-प्रप्तिको लागी असल काम गर्ने प्रेरणा
र त्यसैको फल मृत्यु-पश्चात पनि सुख-भोग गर्ने,
स्वर्ग-प्राप्ति गर्ने आदि प्रलोभन् देखाएर,
परिकल्पना गरेर धर्न-मार्ग प्रतिपादन गर्ने
कुनै पनि संप्रद्रायका धर्म गुरुहरुले
आफ्नै सिध्दान्त प्रतिपादन गरेको पाइन्छ।

कुनै पनि संप्रदायका धर्म-मार्गहरुमा
नराम्रा कर्महरुको निरुत्साहन् गरिएका छन्
पाप-कर्मको संज्ञा दिएर नराम्रा कर्मको फल
नर्क-भोग या यस्तै कष्टमयी परिणाम प्राप्त हुने
व्याख्या गरेको पाइन्छ
प्राकृतिक नियममा आधारित रहेर।

समाजमा कुकर्म नहोवोस्
सवैले न्यायपूर्वक र नियमपूर्वक जीवन जीउन् भनेर नै
कर्म-फलका व्याख्याहरु भएका छन्।
जसले जस्तो कर्म गर्छ त्यसको फल त्यस्तै हुन्छ
यो शाश्वत सत्य हो, प्रकृतिको नियम हो।

तर खराव कर्मको फल तुरन्तै भोग गर्नुपर्ने
निश्चित नियम भैदिएको भए सायद यहां
कोइ पनि दुस्कर्म गर्न डराउंथ्यो होला
पापकर्म हुदैनथ्यो होला।

तर प्रकृतिको नियममा सवै त्यस्तो छैन
केही कर्मको फल सुकर्म होस् वा दुस्कर्म
तुरन्तै पनि पाइन्छ जस्तो खेती-बाली गर्नु
तर सवै कर्मको फल तुरन्तै पाइदैन जस्तो कि
अहिले निरिह पशु मारेर भोजन गर्नु।

आफू भन्दा कमजोरलाई दवाएर भोगेको भोग
प्रकृतिले तुरन्तै देखिने गरी फल दिएको पायिदैन।
जस्ताको त्यस्तै परिणाम त यहां समान बल भएका

शत्रु संग प्रतिस्पर्धा गरेकोमा मात्र पाइन्छ
निरीह माथी गरेको अन्यायको हैन।

प्रकृतिको नियम निराला छ।
धरैजस्तो दुस्कर्मको परिणम क्रमैसंग आउछ।
केही परिणाम यसै जीवनमा पनि प्राप्त हुन्छ,
जसको अनुभव सूक्ष्मदर्शी विचारकहरुले पाउछन्।

धेरैजसो कुकर्मको फल त संचित रहन्छ
प्रकृतिको गर्भमा
र भोग भोग्ने क्रम पछी प्राप्त हुने जीवनहरुमा आउंछ
जस्को परिणाम केबाट प्राप्त भएको हो?
त्यो भोग्नेलाई थाह हुदैन।

यो व्यवहारिक धर्मको नियम हो
समाजलाई र व्यक्तिलाई नै संयमित् गराउने कडी हो
धर्माधिकारीहरुले सुसंयत बनाउन
कर्मफलका व्याख्या गरेर स्थापित गरि दिएको
धर्म-मर्यादाको व्याख्या हो।

धर्म नामकै अर्को पक्ष पनि छ यहां
जसमा आफ्नो आत्मानुसन्धान हुन्छ।
संसार-संरचना र त्यसको रचयिताको विषयमा
खोज र अनुसन्धान हुन्छ जहां।

त्यस्तो अनुसन्धानात्मक चिन्तन,
मनन र रचयिता परमात्माको पूजनलाई पनि
धर्मकै नामले व्याख्या गरिन्छ यहां
यद्यपि यो कुरा सांसारीक व्यवहारिक धर्मभन्दा फरक हुन्छ।

राम्रा कामको राम्रो परिणाम व्याख्या गरिएको हुन्छ यहां
नराम्रो कामको नराम्रो परिणाम पनि भनिन्छ यहां
तर यी सव सन्मार्गमा प्रेरित गर्नको लागीमात्र हो
अन्ध-परंपरा र व्यवहारिक धर्म कर्मलाई प्रेरणा दिन हैन।

भनिन्छ मानिषलाई कर्म गर्ने अधिकारमात्र छ
त्यसको फल निश्चित् पाउने हैन।
तर मेरो अनुभूतिले भन्छ कि आफूले चाहेको जस्तो
कर्म नै पनि गर्न म पाउंदिन
परिस्थितीको बन्धित म त्यसो गर्न सक्दिन
केही गरिहालें भने सफल पनि हुन्न।

वरु नचाहेरै पनि सामने आइपरेको कर्म गर्न
म बाध्य हुन्छु, नियन्त्रित हुन्छु, प्रेरित हुन्छु
तर आफू खुसी भने धेरै काम गर्न पाउंदिन म।

अध्यात्मिक चिन्तनरुपी यस्तो चिन्तन र खोजलाई
धर्म भन्नु भन्दा पनि सही अर्थमा भन्ने हो भने
अध्यात्मिक विज्ञान भन्नु ठीक हुने छ
जसमा कर्मको फल प्राप्तिको आशामा रुमलिएर
राम्रा र नराम्रा कर्मको फेरमा पर्नु भन्दा पर
निष्काम कर्मभावको मार्ग प्रस्तर गरिएको हुन्छ।

निष्काम कर्म भनेको जीवन यापनका लागी
जुन्सुकै विवेकपूर्ण कर्म यहां गर्न बाध्यता छ
त्यो गर्नु पर्छ जीवन यापनको लागी मात्र
र आत्मानुसन्धान पूरा गर्नको लागी मात्र
तर त्यसतो कर्मफलको आशा नराखी
सतर्क भएर गर्ने सतत कर्म हो निष्काम कर्म।

आध्यात्मिक विज्ञानमा ईश्वरीय खोजको हिसाव भने
छर्लंग रहन्छ, आभाष मात्र हैन वरु अनुभवमा रहेर,
एक र एक जोड्दा दुई भए जस्तै हिसाव छ यसमा
केवल कल्पना र वहकाव हैन।

अनुसन्धान कर्ताले आफू र आफ्नो रचनाकार
परमात्माको विषयमा खोज्दा खोज्दै
आफ्नो संरचनाको कडी र चेतनताको विषयमा
छर्लंग अनुभव गर्छ यो जगतमा।

आफूलाई जस्तै अरु जीव र प्राकृतिक जगत्
सवैलाई संचालन गर्ने त एउटैमात्र तत्व
चित्घनस्वरुप परमात्मामात्र रहेछ
व्यापकरुपमा चल्मलाई रहेको भन्ने स्पष्ट हुन्छ तब।

आत्मानुसन्धानबाट प्राप्त आध्यात्मिक ज्ञानतर्फ
प्ररित हुने प्राणिमा सांसारिक कामना रहदैन
लेन-देन, नाफा-नोक्सानको हिसाव रहदैन
निष्काम भावबाट आत्मोन्नति तर्फमात्र लंकन्छ।
आवस्यकमात्र व्यवहार गर्दै जीवन् रहेतक रहन्छ।

कर्मफलको आशा त्यागेर निष्काम कर्म अंगाल्नेले
सत्यमा आधारित सम्यक व्यवहार गर्दै
दया र करुणाले परिपूर्ण भएर
सांसारिक परिभ्रमणको दुखबाट मुक्ति पाउन
परमात्माप्रति शरणागत रहन्छ सदा।

तर खै फुर्सद कसलाई छ यहां?
आत्मानुसन्धानमा लागेर अध्यात्मको खोज गर्ने?
कठीन खोज र चिन्तनबाट हृदयाभिभूत हुने?
परमात्म-तत्वको खोज गर्नु सजिलो छैन।

अत्यन्त जांगर लगाएर खोज गर्दा गर्दा,
अनुसन्धान र छलफल गदा-गर्दा,
परमात्माको कृपा-दृष्टि पाउन र स्वात्मबोध प्रदान गर्न
शरणागत् भएर निर्मल मनले कोशीश गर्द-गर्दा
बल्ल-बल्ल केही सत्य बोध भयो भने पनि
मनमा स्थिर गरेर दृढ गर्नै गरो छ।

सांसारिक सुख जस्तो तात्कालिन सरसता छैन यसमा
गहन अध्ययन र भगवत् कृपाबाट स्वात्मबोध हुने हो,
त्यसो भयो भनेमात्र आध्यात्मिक-भक्तिको जागृति हुने हो,
तबमात्र परमानन्दको अनुभूति हुने हो,
जसको तुलना अरु कुनै सांसारिक आनन्दसंग हुन सक्दैन
जसले त्यो स्वाद पाउंछ उसैले पांउछ र रमाउंछ वस।

अंहं यो विषय सवैलाई मनपर्ने विषय पनि हैन
अनुसन्धानमा गहिरिन गह्रो छ,
सांसारिक नै अनुसन्धान पनि किन नहोवोस्
आध्यात्मिक अनुसान्धान त झनै कठिन भो
वास्तवमा सवै प्रकारका भौतिक जगत्का खोज भन्दा
अत्यन्त कठिन र सूक्ष्म खोज हो यो
परमात्म-प्राप्तिको खोज त्यसैले
थोरैलेमात्र रुचाउछन्।

हामीलाई दैनिक साधन र गुजारा जुटाउन त फुर्सद छैन
धन र शरीर-सुख नै यहां प्यारो लाग्छ
अन्तर्मुखी भएर अत्यन्त एकाग्रता पूर्वक गर्नुपर्ने
यस्तो आध्यात्मिक खोजतर्फ को लागोस्?

संसार दुखमय लागेकै छैन
जीवनमा ठोकरका अनुभव भएकै छैनन्।

साधारण प्राणिहरुको जस्तै खानु, लाउनु
र केही रमाइलो गर्नुमा नै मन रमाइ रहेछ भने
मान्नु पर्छ कि अध्यात्मतर्फ लाग्न
अन्तर प्रेरणा भएकै छैन,
धेरै भोग्नुछ यहांको दुख, लामो समय सम्म।

अध्यात्म-चिन्तनको प्रेरणा त लाखौंमा एकलाई हुन्छ
अनिमात्र गहिरिएर सत्यको खोजमा लगि पर्छ।
सानातिना सांसारिक उपलब्धिले चित्त बुझ्दैन,
अर्थात त्यस्ता उपलब्धी सत्य र स्थाई मान्दैन,
जीवन र संसारका रहस्यहरुको विषयमा उसलाई
गहिरिएर हेर्न मन लाग्छ।

यसरी भुल-भुलैयाबाट माथी उठेर सोच्न
सांच्चै नै भगवत् कृपा हुनै पर्छ।
कपट्रहित हृदय लिएर हिड्न
अन्यथा यस सर्वथा कपट्ले भरिएको संसारमा
गाऱ्है पर्छ भुल-भुलैयालाई चिरफार गर्न,
आध्यात्मिक गहिराइ त कता हो कता
नखोजिकन यहां धन त पाइदैन।

# सार्थक् जीवन

अनेकन जटिलताहरुमा रुमलिएको हाम्रो जीवन्-क्रम
यस भित्रका अनेक प्रकारका लोभ-लालशारुपी विषमताहरु
जताबाट हेरे पनि यसको अन्तीम सीमा भेटिदैन
चरम् उद्येस्य के हो? पहिलाउन सकिदैन।

हमी मानव-जीवन पाएका यस संसारका प्राणि
चेतना र शारीरिक बनोट अरुभन्दा सुगम छौं
अनेक काम र बुध्दि लगाएर आफ्नो अनुकुल बनाउन
प्रकृतिका साधन उपभोग गर्न सक्षम छौ।
अरु प्राणिहरुलाई पनि आफ्नो स्वार्थमा जोताउन सक्छौ
र तिनिहरुको शरीर नै आफ्नो भोजन बनाई रहेछौं।

यो संसारमा केहि मात्रामा भएपनि सफलता पाउछौं
यद्यपि त्यस्तो सफलता समय-सापेक्ष भएर
प्रकृतिमै विलाउछ, नामो निसान नरहेर।
साथै हामी आफैं पनि क्रमस: समाहित हुन्छौं
प्रकृतिको बलिष्ठ प्रभावमा परेर परविर्तित् हुन्छौ।
अन्त्य पता लाग्दैन यसरी हामीलाई
र प्रकृतिकै विषयमा पनि यही क्रम चल्छ।

अनिश्चितता नै अनिश्चितता र अज्ञानताले व्याप्त भएर पनि
यो कृयाशील र उच्च चेतनतायुक्त जीवनमा
हामी मानव-जातीले आफ्नो आत्यन्तिक कल्यण केमा छ ?
त्यसको खोज गर्नु नितान्त श्रेयस्कर काम हो,
सर्वोत्तम ज्ञान र चैतन्यताको विषयमा
बोध गर्न लागिरहनु अत्यन्त आवस्यक हो।

हाम्रो सर्वोत्तम चिन्तन के हो त?
के यो मानव जीवनमा केवल जीवन्-क्रम लाई
निरन्तरता दिनु र वर्तमान कालमा सुखमय रहनु
यही नै यस जीवनको सफलता हो त?

केही दिनको सफलता र जीवनमा भौतिक सुख पाउनेहरु
यहां भन्छन् भगवान्ले हामीलाई के दिएको छैन र?
सामाजिक पद र पदार्थलाई प्राप्त गर्दा खुसी हुनेहरु
एकदिन यी सवै नाश भएर काल-क्रमको फेर संगै
आफू शून्यावस्थामा पुगेको हेर्न बाध्य हुन्छन्,
यो यहांको नित्यको नियम हो जो सवैमा लागु हुन्छ।

यसरी सर्वनाश भैसके पछि उनिहरुलाई पनि लाग्न सक्छ
जीवनमा सफलता, पद र पैसामात्र हैनरहेछ।
अरु धेरै कुरा जीवन्मा आवस्यक रहेछन्
जुन कुरा जान्दा र बुझ्दा
पद र पैसा फिका लाग्दो रहेछ,
शाश्वत सत्य अर्कै रहेछ।

अनिश्चितता र परिवर्तनशीलताको भित्र पनि
हरेक जीवले यहां संभव भएसम्म भौतिकरुपमा
आफूलाई सुखी राखिराख्न प्रयास गरि नै रहन्छ,
वर्तमान परिवेशमा विद्यमान साधन र श्रोतहरुलाई
सक्दो राम्रोसंग उपभोग गरि नै रहन्छ।

तर केवल वर्तमानलाई मात्र सुखी बनाउन खोज्नु
यो मात्र पनि एकदिन मूर्खतामात्र सावित हुनेछ।
प्रकृतिको फेरमा नाश भएर विलाउने साधनहरु
एकदिन नाश हुदा आफ्नो प्रयास असफल भएको देख्दा
लाग्छ हामी स्वयं पनि वास्तवमा साधनमात्र रहेछौं।

यस्तो शाश्वत सत्यलाई थाहै नपाई
लामो समय सम्म यहां अहंकार बोकेर हिडीरहेछौं
प्रकृतिको जटिल श्रृंखला भित्र अलमलिएर
क्रमिकरुपमा बन्धित भएर प्रयोग भैरहेछौं।

मायाको यस्तो करामातले प्रकृतिमा हामीलाई
चलाईरहेको रहेछ भन्ने जानेर, बुझेर
सांसारिक पदको विवेकपूर्ण र कर्तव्यनिष्ठ भएर
अनि भौतिक साधनहरुको प्रयोग पनि
केवल जीवन संचालन गर्नेसम्म प्रयोग गरेर
ईश्वरीय तत्वको खोजमा लागीरहनु,
जीवन-क्रमको दुखबाट मुक्तहुन खोज्नु
वास्तवमा सत्यमा पुग्नु हो र सही मार्गको पहिचान हो।

मानव-जीवन यस्तो शाश्वत सत्यको खोजतर्फ लाग्न
सक्षम शरीर भएको चेतनता युक्त प्राणि हो
तसर्थ यस्तो मौका गुमाउनु हुदैन
फेरि अन्य योनिमा या मानव जीवनको अन्त्य पछि
अन्यत्र यस्तो सुगमता र चेतनशीलता संभव छैन।
मौका अहिले नै मात्र सामने छ
जसले विचार पुऱ्याउछ र उपयोग गर्छ
त्यसैले सफलता पांउछ, सत्य प्राप्ति गर्छ।

हाम्रो चेतनाले हामी प्रकृतिको कडीमा बांधिएको
बोध गर्न सक्छौं यद्यपि यदाकदा हाम्रो जीवन
आफैं स्वतन्त्र झैं लागे पनि।
यसरी आफ्नो सीमितता बोध गर्न सक्यौं भने
त्यस भित्रको नियन्त्रण-प्रणालीको विषयमा पनि
जान्न-बुझ्न सक्ने छौं।

त्यो सूक्ष्मरुपमा रहने अदृष्य शक्ति के हो?
जसले संपूर्ण सृष्टि-रचनाको संचालन गरिरहेछ
हो त्यसैको खोज गहिराइमा सोचेर गर्दा-गर्दा
पर्दा विस्तारै खुल्दै जान्छ।

त्यो नियन्त्रक र हामी नियन्ता बिचको संबन्ध
विस्तारै बोध हुदै नजाने छ, रहस्य खुल्दै जाने छ
अनि यो जीवनरुपी क्षणिक यथार्थताको क्रमलाई
चालु राख्न रचिएका अज्ञानतारुपी पर्दाहरु
क्रमस: हट्दै जानेछन्, विहंगम दृश्य खुल्ने छ।

यसरी नियन्त्रक र नियन्ता बिचको सीमा
सदाको लागी भंग हुने छ, भिन्न-भाव हट्ने छ
आफ्नो नियन्त्रक शक्तिको विषयमा स्पष्ट ज्ञान हुने छ
स्पष्ट अनुभव गर्न सकिने छ, चेतनता असीमित हुने छ।

त्यस पछी जीवनका लक्ष र क्रम संबन्धी विचारहरुमा
आमूल परिवर्तन हुने छ, आफ्नो सत्य तथ्य बोध हुनेछ
यस्तो सफल अनुभवबाट आफ्नो मूलतर्फ मुखरित हुइन्छ
सायद जविनको सार्थकता पनि यही हो जस्तो मलाई लाग्छ।

## भक्त

म आफैंले आफ्नै विषयमा खोजी गरीरहंदा
निरन्तर आफ्नो शुरु र अन्त्य जान्न चाहीरहंदा
मैले त तंलाई पो खोजेछु
यता र उता जोडेर हेर्दा वास्तवमा म त तैं पो रहेछु।

नजानेर-नबुझेर मात्र आफैंलाई म भन्दो रहे छु,
अब के म आफूलाई म नभनेर तं भनू त?
हैन, यहां यसरी सजिलो संग म लाई तं भन्न त मिल्दैन
किन भने यहां म त एउटा पहिचान भएको
शरीरधारी मनुष्य पो हुं त, अदृश्य शक्ति कहां देखिन्छु त?

यहां भौतिकरुपमा मेरा दुई हात, दुई खुट्टा
दुई आंखा, नाक, मुख, पेट र मन पनि छ।
मनले आफू स्वतन्त्र र अलग भएको भान गराउंछ।
तसर्थ म त यहां फलानो नउं गरेको मान्छे पो हुं त।

तर तं भने म जस्तो गरी देखिने शरीरधारी हैनरैछस्
तं त अदृश्य शक्तिकोरुपमा काम गर्दो रहिछस्
तंलाई म आफैं रहेछु भनेर मैले बुझे पनि
अरुहरुलाई कसरी बुझाउं? कसले विश्वास गर्छ र?

धेरै खोजविन पछि तैंले त खुसुक्क मेरो मनमा आएर
भनिदिइस् "ऐ तं त म नै पो हु चेतनारुपना रहने
सीमित लक्ष लिएर तं भित्र बसेको
सूक्ष्म तर सीमित भएर" भनेर,
अनि पो थाह पाएं म पनि तं पो रहेछु भनेर
नत्र कसरी थाह पाउथें र मैंले?

असंख्य जवि र पदार्थरुपमा विद्यमान यो विश्वमा
विचित्रका ढंग र रंग लिएर प्रकट हुने, चंचल हुने
सवै तं नै तं होस् भनेर कसरी बुझ्नु मैले?
तैंले नै खुसुक्क मनमा नभनी दिएको भए?

आफ्नै खोजमा लाग्नु अघी मैले म जस्तै अरुहरु
मरेर विलीन भएको देखें, अस्तित्व शून्य देखें
अनि मेरो चेतनाले झक्झोर्‍यो, मनमा डर शुरु भयो
कहीं मेरो पनि तेही गति त हुने हैन? शोच शुरु भो।

शोच्दा शोच्दै खोज्न शुरु भो, आफ्नै विषयमा
म केहुं? भनेर जवकि म त्यति वेला
श्वाश फेर्ने हावा हो भन्ने पनि जान्दैन थें
पानीको श्रोत हावा नै घनिभूत हो
भन्ने जान्नु त कता हो कता।

जीवन र यसको रचना-कम र परिवर्तनको कुरै छाडौं
पदार्थमा अणु नै ठोस वस्तु हो भन्ने झन् कसरी जान्नु?
सृष्टिको श्रोत नै शक्ति हो भन्ने कुरा धेरै पछी थाह भो
जुन परमात्माको स्वयंप्रकाश स्थिती हो
अन्धकार भित्र विश्वको।

यहां तं परमात्मा  म शरीरधारी जीवात्मा छौं
दुईटा भिन्ना भिन्नै, नदेखिने र देखिने,
शक्ति र परिचालित जीवका रुपमा
मानो समुन्द्रको पानी घेटोमा जस्तै म
र अगाध-अथाह-असीमित तरलताको श्रोत तं।

घैंटोरुपी शरीर भित्र आत्मारुपी चेतन तं
जबतक अलग भानमा रहन्छस्
अहंता गर्छु शरीरमा म,
जब घैंटो फुटेर जलतत्वमा पानी मिल्छ
त्यस्तै आत्मारुपी चेतन्शरीर पछि मिल्छ तंमा
अनि म पनि हुन्छु तं।

यस्तो स्पष्ट अनुभूति र प्रगाढ प्रेम हुन्छ जब
आत्मा र परमात्मामा एक्याभाष हुन्छ तब
प्रकृतिका श्रोत पनि मूलश्रोत संगै मिले जस्तै
अदृश्य चिदात्मा परमात्मामा एक्य हुन्छ नै।

निरन्तरको खोज र चिन्तनबाट बुझे पछी
आफ्नो मूलश्रोत परमात्मामा मिल्ने वेग उठे पछी
प्रेमा-भक्तिको उदय हुन्छ आपसमा
आत्माको पूकार संगै प्रेमी बन्छ परमात्मा।

जब सांसारिक मल हटेको विशुध्द हृदयमा
परमात्माको विशेष प्रकाश फैलिन्छ
अज्ञानान्धकार हटेको चेतनताले
त्यहां परमात्म-चित्घनको स्वरुप झल्किन्छ।

यसरी वृध्दि भएको प्रेमाभक्तिमा भक्तले

बाहय दृष्टिका विषमता त्यागेर निसंकोच भावले
नृत्य, आनन्दाश्रु र भाव भंगी प्रकट हुनुले
परमानन्द पट्टीको परमात्म-प्रेम पाउंछ
र भक्तिरसमा चुर्लुम्म डुवेको अनुभव हुन्छ।
भक्तको साथमा परमात्मा पनि आनन्दले विहवल हुन्छ।

यसरी मेरो जीवनको एउटा स्वपना साकार भयो
मायाजनित् संसारप्रति प्रगाढ वैराग्य छायो
भक्ति-भावले प्रगाढ रसमा आत्मा उद्वेलित भयो
जीवन-मुक्त भएको अनुभव यसै जीवनमा छायो।

हे ईश्वर ! हे प्रभु ! यही भाव अरुलाई पनि दे
अत्मामा परमात्म-प्रेमको रस बहाई दे
भक्ति-रसको चस्का अनुभव गरुन् सवैले
खुसुक्क मलाई जस्तै भित्र मनमा गएर भनि दे।

"म पनि तं नै हूं" भन्ने बुझुन् सवैले
मायाको करामात र प्रकृतिको पर्दा हटाई दे
अन्यथा यस्तो गर्न संभव छैन जीव आफैंले
असत्यलाई नै सत्य भान परेका जाल-झेल भित्रकाले।

एक पटक जब तेरो संगतको रस पिउंछ कसैले
अभिन्न भाव र प्रेमाभक्ति पांउछ जीवले
तब त्यहां निश्चित बोध भएको हृदयले
त्यागी दिन्छ "तं र म" भन्ने, सीमा तोडिनाले।

यसरी समस्त जगत्लाई केवल परमात्मामात्र देख्छ
आफू र अरु सवै परमात्माबाट संचालित पांउछ।
अनेक रुप, रंग र ढंग लिएर विचित्रता जो बनेको छ,
अरु केही नभएर परमात्म-तत्व स्वयं संचालित छ।

मायाको भुलभुलैयामा विचित्रता रच्न व्यस्त परमात्मा
जब-जब प्रेमी भक्तको भावमयी पुकार सुन्छ
लाग्छ उपनि जन्म-मत्यु र पालन-विनाश जस्ता
उराठ लाग्दा कृया-कलापबाट उक्ताउछ
र एउटा श्रोत भक्त-संगको आनन्द लिन
लालायित सदैं रहन्छ।

प्रेमी भक्तको प्रगाढ प्रेम, दया-करुणाको रोदन-भेल
आत्मा-परमात्माको मिलन-वेग
खिचिन्छ परमात्मा स्वयं यस्तो आनन्दमा

प्रदान गर्छ अनि निजी प्रेम।

विशेष भक्तहरु संग भगवान् स्वयं यसरी
भक्ति-रसको प्रतिफल भगवत्-प्रेम प्रदान गरी
परमानन्दमा डुब्ने मौका थोरैमात्र पाउनु हुन्छ।
जसरी भक्त आनन्दित हुन्छ,
त्यसैगरी ईश्वर पनि आनन्दित हुन्छ।

न स्त्री न पुरुष् परमेश्वर नित्य सत्-स्वरुप्
आफ्ना भक्तहरुको पवित्र भावबाट आकर्सित्
तिनको पद-चिन्हको पछि-पछि लाग्नु हुन्छ
र परमात्म-भावबाट भक्तको चरण-धूली
शीरोधार्य गर्दै उच्च स्थितिको आदर गर्नु हुन्छ।

आफ्नो नाम अविरल जपीरहने प्रिय भक्त
आफ्नो भावमा अलमस्त भएको देखेर
विश्व-प्रेमी भक्त संग आफ्नो प्रकाश छोड्नु हुन्छ
उच्च चेतनायुक्त उज्वल हृदयले
सर्वहितको कामना गर्छ।

स्वयंप्रति समर्पित् जो भक्त जीवन् रहे तक।
कार्य-कारण् परे स्थापित् उर्ध्वमार्गी एकाकृत॥
परंसत्य चिदानन्द परात्मामा विलाउंछ।
प्रपंच यो जगत्-जीव सदां लागी विसाउंछ॥

शुभ हुन् या अशुभ् कर्म बनुन् यहां हे ईश्वर।
हृदयमा प्रकाशित् हौ शुभभाव प्रदायक॥
सुख-दुख उचित् जे छ कर्मानुरुप् प्रदान् गर।
अभिन्नमा रहूं नित्य शरणागत् छु है अब॥
जती राख्छौ, जहां लान्छौ तिम्रै हूं गर स्वीकृत॥